# लोक सेवा आयोग
# धनकुटा कार्यालय, धनकुटा

☎ : ०२६-५२०१३०, ०२६-५२०१५१, फ्याक्स नं.: ०२६-५२०१५१, Website:www.psc.gov.np, Email:dhankuta@psc.gov.np


## सूचना नं. ४/०७७-७८, मिति २०७७/०६/२२

### विषय : परीक्षा भवन कायम गरिएको सूचना ।

लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखाको सूचना नं. ४१।०७७-७८ अनुसार लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौंको वि.नं. १६६९४-१६७००/०७६-०७७ (खुला/ समावेशी) रा.प.तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको लागि परीक्षा केन्द्र **धनकुटा, इलाम, खोटाङ्ग** राखी पहिलो चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उर्त्तिण भएका उम्मेद्वारहरुको **द्वितीय चरणको** परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### परीक्षा कार्यक्रम

**लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटा, इलाम कार्यालय, इलाम र खोटाङ्ग कार्यालय खोटाङ्गबाट प्रथम चरणको परीक्षा उत्तिर्ण भएका सबै उम्मेद्वारहरु**

| पत्र | विषय | मिति | समय |
|---|---|---|---|
| द्वितीय पत्र (सबै सेवा समूहको लागि | शासन प्रणाली | २०७७/०७/२३ | दिनको १:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि | समसामयिक विषय | २०७७/०७/२४ | दिनको १:०० बजे |
| चतुर्थ पत्र ( प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवाका लागि मात्र | सेवा, समूह सम्बन्धी | २०७७/०७/२५ | दिनको १:०० बजे |
| परराष्ट्र सेवाको लागि मात्र (थप पत्र) | १. अंग्रेजी भाषा | २०७७/०७/२६ | दिनको १:०० बजे |
| | २. परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध | २०७७/०७/२७ | दिनको १:०० बजे |

| सि.नं. | रोल नं. | परीक्षा केन्द्र | उम्मेद्वार संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | धनकुटाको रोल नं. ५०००२-५१०६१ भित्रका | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा (क) केन्द्र | १०८ | परराष्ट्र सेवा बाहेक |
| २. | ५१०८२-५२०३३ भित्रका र खोटाङ्गको रोल नं. ११००४०-११०२०० भित्रका सबै | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा (ख) केन्द्र | १०७ | परराष्ट्र सेवा बाहेक |
| ३. | इलामको रोल नं. १०००३ देखि बाँकी सबै र धनकुटाको रोल नं. ५०२३१- ५१९५७ भित्रका | लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाको परीक्षा हल | ९८ | परराष्ट्र सेवा समेत |

*परराष्ट्र सेवा सहित अन्य विभिन्न सेवामा समेत परीक्षा दिने परीक्षार्थीले परराष्ट्र सेवातर्फको तोकिएको परीक्षा केन्द्रबाटमात्र परीक्षामा सहभागी हुनुपर्नेछ ।*

**द्रष्टव्य :**

- प्रवेशपत्र बिना परीक्षामा सम्मिलित गराईने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेद्वारले एक दिन अगाडी नै लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाबाट अनिवार्य लिइसक्नु पर्नेछ ।
- उत्तरपुस्तिकामा अनिवार्य रुपमा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्नेछ ।
- परीक्षा हलमा मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
- परिक्षार्थीले परिक्षाकेन्द्रमा आउदा नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारी साधन चालक अनुमतिपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटोसहितको कुनै एकको सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा आफुसाथ लिई आउनु पर्नेछ ।
- **संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**

  (१) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयम्ले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने ।

  (२) परीक्षार्थी परीक्षा शुरु हुनुएक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्ने ।

(३) उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकापसमा दुई मिटरको दूरी कायम गर्नु पर्ने ।

(४) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।

(५) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसंग तोकिएको स्थानमा जानुपर्ने ।

(६) परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

(७) परीक्षार्थीले लेख्न बाँकी रहेको उत्तरपुस्तिकाको खाली ठाउँमा आफै काट्नु पर्नेछ र उत्तरपुस्तिका गन्ती गरी बुझाउनु पर्नेछ ।

(८) परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्नेछ

(९) परीक्षार्थीले आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए/नभएको स्वयंम घोषणा गर्नुपर्नेछ । संक्रमित परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न हुने छैन ।

(गोपाल कार्की)
नायव सुब्बा

(रामप्रसाद ढुंगाना)
शाखा अधिकृत